कैलाश गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कालिकाटार, मकवानपुर
बागमती प्रदेश, नेपाल

बैठक नं. ०८

मितिः २०७६/१२/०४

समयः १२:०० बजे

स्थानः कैलाश गाउँकार्यपालिकाको कार्यालय, मकवानपुर।

आज मिति २०७६/१२/०४ गते मंगलबारका दिन कैलाश गाउँपालिका अध्यक्ष श्री टंक बहादुर मुक्तान[redacted]ज्युको अध्यक्षता गाउँकार्यपालिकाको बैठक तपसिलको उपस्थितिमा बसि देहाय अनुसारको प्रस्तावहरु माथी छलफल गरी निम्नानुसारको निर्णय पारित गरियो।

उपस्थितिः

| | | |
|---|---|---|
| | श्री टंक बा. मोक्तान | अध्यक्ष, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री सुकुमाया थिङ्ग | उपाध्यक्ष, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री पेमा योन्जन | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री राजेन्द्र तामाङ घिसिङ | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री देव लाल बल | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री तिलक बा. मोक्तान | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री छेकु लामा | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री ठुलो कान्छा लामा | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री उदास कु. भोलन | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री सुर्ज बा. थिङ्ग | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री सुमन लटौला | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री माणिकलाल मुक्तान | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री गोविन्द बि.क. | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री संगिता प्रजा | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री आशिष प्रजा | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री लक्ष्मी मुक्तान | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री फुल माया सिंतान | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री राम माया प्रजा | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री रामप्रसाद शर्मा | सदस्य-सचिव, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री देवेन्द्र प्रधान | माइन्यु सहयोगी, कैलाश गाउँकार्यपालिका,मकवानपुर |
| | श्री प्रकाश राई | IT सहयोगी, कैलाश गाउँकार्यपालिका, मकवानपुर |

प्रस्तावहरु

१) समिक्षा सम्वन्धमा ।

२) गाउँ सभा तयारी सम्वन्धमा ।

३) एक घर एक धारा एक सौचालय सम्वन्धमा ।

४) वोलपत्र लागत अनुमान स्वीकृत सम्वन्धमा ।

५) स्वास्थ्य, पशु र कृर्षिशाखाको जिन्सी सामानको स्टोर व्यवस्थापन सम्वन्धमा ।

६) इन्जिनियर महेश के.सी को फिल्ड भत्ता सम्वन्धमा ।

७) गाउँपालिका भवनको डि.पि.आर रकम भुत्तानी सम्वन्धमा ।

८) डि.पि.आर तयार गर्ने सम्वन्धमा ।

९) करार सेवामा विज्ञापन हुने पदहरुको संख्या सम्वन्धमा ।

१० कार्यविधि स्वीकृती सम्वन्धमा ।

११) पुलको प्राथमिकताक्रम निर्धारण सम्वन्धमा ।

१२) सासु रकम वितरण कार्यतालिका सम्वन्धमा । स्वास्थ्य शिविर ( पाठयघर शिविर)

१३) कार्यकम अनुमोदन सम्वन्धमा ।

१४) प्रधानमन्त्री रोजगार कार्यक्रमको कार्यक्रम स्वीकृत सम्वन्धमा

१५) सडक योजनामा मेसिन प्रयोग गर्ने सम्वन्धमा ।

१६ ) १५ वेडको अस्पताल सम्वन्धमा

१७) कोरोना भाइरस महामारी रोग नियन्त्रण समिति गठन र तयारीका लागी सामाग्री खरिद

१८) राष्टपति शैक्षिक सुधार कार्यक्रम परियोजना सिफारिस सम्वन्धमा

२०) अवलोकन भ्रमण सम्वन्धमा ।

२१) कार्यक्रम समर्थन गर्ने सम्वन्धमा ।

निर्णयहरु

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं १ : प्रस्ताव नं १ मा छलफल गर्दा गाउँपालिकामा हाल सम्म भएका कार्यहरुको समिक्षा गर्दा देहायको विषयहरुमा थप ध्यान दिनु पर्ने आवश्यकता देखियो

क) विभिन्न वडाहरुमा संचालन भएका योजनाहरु सम्झौतामा उल्लेखित मिति भन्दा ढिला काम हुन गइरहेकोले सवै वडा अध्यक्ष ज्यूहरुले यथासिघ्र आफनो वडाहरुमा संचालन भएका योजनाहरुलाइ छिटो छरितो र गुणस्तरिय ढंगवाट कार्य सम्पन्न गर्न पहल गर्ने ।

ख) यस गाउँपालिकाको प्राविधिक शाखावाट धेरै योजनाहरुको लगत अनुमान तयार भएको तर उपभोक्ताहरु सम्झौता गर्न नआएकोले यथास्रिघ्र वडाअध्यक्ष ज्यूहरु मार्फत आफना वडामा सम्झौता गर्न वाँकी योजनाहरुका उपभोक्ताहरुलाइ सम्झौताका लागी गाउँपालिकामा पठाउने ।

ग) कृर्षि शाखावाट संचालित हाइ टेक पोलीहाउस प्रविधि विस्तार कार्यक्रमको सम्झौता गर्ने कार्य ढिलाइ भइ रहेकोले तत्काल सम्झौता प्रकृया अगाडी वढाउने ।

घ) गाउँपालिका कार्यालयमा कर्मचारीहरुको नियमितता कम देखिएकोले अनियमित हुने कर्मचारीहरुलाइ नियमित हुन निर्देशन दिने , निर्देशनको पालना नगर्ने कर्मचारीहरुलाइ विभागीय कारवाहीको प्रकृया वढाउने ।

ङ) यस गाउँपालिकावाट जारी गरिएको वोलपत्रअनुसार छनौट भएका निर्माण व्यवयायीह्रुसँग सम्झौता अनुसारको काम यथासिघ्र सुचारु गर्न निर्देशन दिने ।

निर्णय नं २ : प्रस्ताव नं २ माथि छलफल गर्दा यस गाउँपालिकाको छैटौं हिउदे गाउ सभाको मिति २०७६साल चैत्र १५ गते तोकिएकोमा उक्त सभालाइ व्यवस्थित वनाउन तपशिल वमोजिमको तयारी गर्ने निर्णय गरियो ।

क) कार्यपालिकाको वैठक २०७६।१२।१४ गते आयोजना गर्ने

निर्णय नं ३ : प्रस्ताव नं ३ माथि छलफल गर्दा यस गाउँपालिकाको लागी प्रदेश सरकारको विशेष अनुदान अन्तर्गतको एक घर एक धारा एक सौचालय कार्यक्रम सफलीभुत गर्नको लागी तपशिलका वडाहरुमा संचालन गर्ने निर्णय गरियो ।

तपशिल

क) वडा नं ४मा एक घर एक धारा रु ३५,००,०००।

ख) वडा नं ४ मा एक घर एक सौचालयको लागी ४,०००,०००।

निर्णय नं ४ : यस गाउँपालिकावाट वोलपत्रका माध्यामवाट निर्माण तथा मर्मत गर्ने निर्णय भएका तपशिल वमोजिमका योजनाहरुको लागत अनुमान स्वीकृत गर्ने निर्णय गरियो ।

तपशिल

क) गोगने कालिकाटार सडक योजना कैलास ३ र ५

ख) माने भन्ज्याङ्ग हालवादी अल्छे कप्सेरी चामाखर्क खोला सडक योजना वडा नं ८२,१,६

ग) घुमाउने वुकुटी लिक्चे सडक योजना कैलास ४

घ) स्यार्से घैराङ्ग सडक योजना वडा नं ९

ङ) कालिकाटार भार्ता सडक योजना कैलास ८

निर्णय नं ५ : प्रस्ताव नं ५ माथि छलफल गर्दा यस गाउँपालिकाको स्वास्थ्य शाखा , कृषि शाखा , पशु शाखाको औषधी भण्डारण गर्ने सुरक्षित कोठा नभएकोले उक्त शाखाहरुको भण्डारणको लागी गाउँपालिकावाट प्रकाशन गरिएको सुचना अनुसार पेश आएका भवनहरु मध्ये सवै भन्दा कम रकममा घर भाडा उपलव्ध गराउन मन्जुर गर्ने घरधनीको घर भाडा लिने निर्णय गरियो ।

निर्णय नं ६ : प्रस्ताव नं ६ माथि छलफल गर्दा यस गाउँपालिकामा दैनिक ज्यालादारीमा काम गर्ने इन्जिनियर श्री महेश के.सीलाइ जिल्ला दररेट अनुसार उपलव्ध गराइएको रकमका अलावा फिल्ड भत्ता वापत रु १५ हजार मासिक उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं ७ : प्रस्ताव नं ७ माथि छलफल गर्दा यस गाउँपालिकाको भवनको विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने सिस्टमेटिक इन्जिनियरिग यसोसिटस कन्सल्टेन्सी प्रा.लीलाइ सम्झौतामा उल्लेख भएको रकम भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं ८ : प्रस्ताव नं ८ माथि छलफल गर्दा यस गाउँपालिकाका तपशिलमा उल्लेखित आयोजनाहरुको डि.पि.आर , आइई , र इआए तयारी गर्ने निर्णय गरियो ।

क) गैरीगाउँ पकनी डाडाँखर्क खोलाखर्क वैकुष्ठ सडक (डिपिआर)

ख) डाडावास गोलढुगा वाँसघारी हलिते पोखरी सडक (डिपिआर )

ग) गोगने कालिकाटार सडक निर्माण आइइ

घ) मानेभन्जाङ्ग हलवारी अल्छे कपसेरी पंकनी सडक आइइ

ङ) भार्ता सानोडाडाखर्क कैलास वैकुष्ठ सडक आइइ

च) चुनियाटार नाटार कालिकाटार सडक आइइ

निर्णय नं ९ : प्रस्ताव नं ९ माथि छलफल गर्दा यस गाउँपालिका कार्यालय , कार्यालय अन्तर्गतका वडा , आधारभुत स्वास्थ्य केन्द्र , स्वास्थ्य चौकीहरुमा तपशिल वमोजिम रिक्त पदहरुको पुर्ति गर्न यस गाउँपालिकाको पदपुर्ति समितिलाइ निर्देशन दिने निर्णय गरियो

क) स्वास्थ्य चौकी गोगने ,नामटार कालिकाटार र भार्ता गरी ४ जना हे.अ

ख) आधारभुत स्वास्थ्य केन्द्रका लागी : हे अ ४ जना

ख) आधारभुत स्वास्थ्य केन्द्रका लागी अ.न.मी ४ जना

ग) आधारभुत स्वास्थ्य चौकीका लागी कार्यालय सहयोगी ४ जना

घ) गाउँपालिका कार्यालयको लागी कार्यालय सहयोगी २ जना

ङ) स्वास्थ्य चौकी डाडाखर्क र तामालाङ्. का लागी कार्यालय सहयोगी २ जना

ङ) कृषि प्राविधिक सहायक चौथौ स्तर २ जना

च) पशु प्राविधिक सहायक स्तर चौथो ३ जना

छ) हल्का सवारी चालक १ जना

निर्णय नं १० : प्रस्ताव नं १० माथि छलफल गर्दा यस गाउपालिकाको पशु विकास शाखाको सम्वन्यमा तयार भएको युवा स्वरोजगार लक्षित कार्यक्रम संचालन कार्यविधि २०७६ र प्रधानमन्त्री रोजगाार शाखाको समन्वयमा तयार भएको काममा आधारित सामुदायिक आयोजना संचालन तथा व्यवस्थापन कार्यविधि २०७६ र वेरोजगारको सूची निर्धारण तथा प्राथमिकीकरण मार्गदर्शन २०७६ र कृषि यन्त्रिकरण कार्यविधि २०७६ पारित गर्ने निर्णय गरियो ।

निर्णय नं ११ : प्रस्ताव नं ११ माथि छलफल गर्दा यस गाउँपालिका तपशिलका वडाहरुमा निर्माण का लागी योजनामा समावेश गराइ दिने भनि २०७६।१०।१७ मा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय स्थानीय पुर्वाधार विभाग सस्पेन्सन व्रिज डिभिजन काठमाण्डौमा पठाएको उक्त पुलहरुको आवश्यकता , औचित्यता , वस्तुनिष्टताका आधारमा तपशिल वमोजिम प्राथिमकताक्रम निर्धारण गरि प्राथमिकताका आधारमा कार्यक्रम स्वीकृत गरि दिनुहुन माग गरि पठाउने निर्णय गरियो ।

तपशिल

१) टिमुरे नामटार वजार झो.पु ( मनहरी खोला १८५ मिटर)

२) राक्सिराङ्ग गा.पा देखि कैलाश गा.पा जोडने झोलुङ्गे पुल ( गोराङ्गदी खोला १५५ मिटर)

३) जौखोरीया मरयाकोट झो.पु ( दुवो खोला १७३ मिटर )

कैलाश गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कालिकाटार, मकवानपुर
बागमती प्रदेश, नेपाल

४) जाँते कुडुले झो .पु ( कालिखोला ७१ मिटर )

५) जलेश्वरी , नागेश्वरी झोलुङ्गे पुल ( मनहरी खोला १८६ मिटर )

६) घैराङ्गटार खानीडाडा झो.पु ( मनहरी खोला १३९ मिटर)

७) घुमाउने वुकुटी जोडने झो.पु ( मनहरी खोला १३० मिटर)

निर्णय नं १२ प्रस्ताव नं १२ माथि छलफल गर्दा यस गाउँपालिकाका सासु रकम वितरण,स्वास्थ्य शिविर समस्या निराकरणको लागी गर्नको लागी तपशिल वमोजिमको कार्यतालिका तयार गर्ने निर्णय गरियो । साथै सामाजिक सुरक्षा तपशिलको वडाहरुमै गइ एकमुष्ट रकम वितरण गर्न निकाशा गरिदिनु हुन सानिमा वैक कैलाश शाखालाइ र सुरक्षा व्यवस्था गरिदिनु हुन कालिकाटार प्रहरी चौकी , डाडाँखर्क प्रहरी चौकी र नामटार प्रहरी चौकीलाइ लाइ अनुरोध गर्ने निर्णय गरियो

तपशिल

क) वडा नं १ र २ का लागी सासु भत्ता वितरण र शिविर संचालन मिति २०७६ साल चैत्र ७ गते खोलाखर्कमा

ख) वडा नं ५र ६ का लागी सासु भत्ता वितरण र शिविर संचालन मिति २०७६ साल चैत्र ८ गते गोगने सहकारी

ग) वडा नं ७ र ८ का लागी सासु भत्ता वितरण र शिविर संचालन मिति २०७६ साल चैत्र १० गते भार्ता वडा कार्यालय

घ) वडा नं ३ र ४ का लागी सासु भत्ता वितरण र शिविर संचालन मिति २०७६ साल चैत्र ११ गते घुमाउने

ङ) वडा नं ९ का लागी सासु भत्ता वितरण र शिविर संचालन मिति २०७६ साल चैत्र १२ गते वडा कार्यालय

च) वडा नं १० का लागी सासु भत्ता वितरण र शिविर संचालन मिति २०७६ साल चैत्र १३ गते वडा कार्यालय

निर्णय नं १३ : प्रस्ताव नं १३ मा छलफल गर्दा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको ग्रामिण पुर्वाधार विकास कार्यक्रमका लागी यस गाउँपालिकामा पुजिगत तर्फ १६२५०००। रकम निकाशा भएकोमा उक्त रकमलाइ यस आ.वमा पुजिगत तर्फ तपशिलका योजनाहरुमा क्रमागत योजनाको रुपमा सम्पन्न हुने गरि विनियोजन गर्ने निर्णय गरियो ।

तपशिल

क) मानेभन्ज्याङ्ग ग्रामिण सडक योजनाका लागी ८५०००० मात्र

ख) वर भन्ज्याङ्ग ग्रामिण सडक योजना लागी ६०२००० मात्र

ख) वाक्सीराङ्ग पोखरी निर्माण योजनाका लागी १५००००, मात्र

निर्णय नं १४ : प्रस्ताव नं १४ मा छलफल गर्दा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट प्रधानमन्त्री रोजगार कार्यक्रमको कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना संञ्चालन अन्तर्गत ४७०९००० रकम प्राप्त भएकोमा उक्त रकमको ३० प्रतिशत ले हुन आउने रकम रु १४१२७०० को निर्माण सामाग्री , कन्टीजेन्सी ,प्राथमिक उपचार सामाग्री खरिद र वाकी रकम ३२९६३०० को निर्माण कार्य गर्ने गरि हरेक वडामा एक आयोजना संञ्चालन गर्न मन्त्रालयको प्राथमिकता क्रम अनुसार निम्न आयोजना छनौट गर्ने निर्णय गरियो ।

| वडा नं. | आयोजनाको नाम | अनुमानित बजेट |
|---|---|---|
| १ | एक नं. वडा कार्यालय जाने बाटो मर्मत, बरभञ्ज्याङ्ग | ३२९६३०। |
| २ | बैकुण्ठ दुम्सीखर्क सडक नाली कटान, बैकुण्ठ | ३२९६३०। |
| ३ | टोकुवा आमडाडाँ सडक मर्मत, आमडाडाँ | ३२९६३०। |
| ४ | बेलटार सिंचाई योजना मर्मत, बेलटार | ३२९६३०। |
| ५ | डाडाँबास गोलढुंगा पोखरी सडक नाली कटान, गोलढुंगा | ३२९६३०। |
| ६ | राउते सानोलेक पकनी सडक मर्मत, राउते | ३२९६३०। |
| ७ | रतुवा-ताम्लाङ्ग सडक मर्मत, रतुवा | ३२९६३०। |
| ८ | बरभञ्ज्याङ्ग सडक मर्मत, वाक्सीराङ | ३२९६३०। |
| ९ | गँदुआ ढाँप सिंचाई मर्मत, ढाँप | ३२९६३०। |
| १० | भल्टार सिंचाई योजना मर्मत, भल्टार | ३२९६३०। |

निर्णय नं १५ प्रस्ताप नं १५ मा छलफल गर्दा यस गाउँपालिकाको चालु आ.व २०७६।२०७७मा स्वीकृत सडक आयोजनाहरु मध्ये मेशिन प्रयोग गर्नु पर्ने स्थितिमा हाल सम्म सम्झौता भइ सकेका सडक योजनाहरुको प्राविधिक शाखावाट तयार भएको लागत अनुमान सहितको प्राविधिक प्रतिवेदनलाइ समर्थन गर्दै वाँकी अन्य सडक योजनाहरुमा मेशिन प्रयोग गर्नु पर्नै स्थिति आएमा प्राविधिक शाखावाट तयार भएको लागत अनुमान र प्रतिवेदन अनुसार संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं १६ : प्रस्ताप नं १७ माथि छलफल गर्दा यस गाउँपालिकामा रहेको कालिकाटार स्वास्थ्य चौकीलाइ स्तरो उन्नती गरि १५ सैयाको अस्पताल वनाउनका लागी नेपाल सरकारवाट निर्णय भए वमोजिम हालको स्वास्थ्य चौकीको जग्गा नपुग हुने र अस्पतालको विस्तृत आयोजना प्रतिवेदन तयार गरि पेश गर्नु पर्ने भएकोले विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने निर्णय गरियो ।

निर्णय नं १७ : प्रस्ताव नं १८ माथि छलफल गर्दा विश्वभर महामारीको रुप लिइ रहेको कोरोना भाइरस रोग नियन्त्रणको लागी देहाय वमोजिमको समन्वय समिति गठन गर्ने निर्णय गरियो ।

गाउँपालिका अध्यक्ष संयोजक

गाउँपालिकाको उपाध्यक्ष

१० वटौ वडाका वडा अध्यक्षहरु सदस्य

कार्यपालिका सदस्यहरु सवै सदस्य

सवै स्वास्थ्य संस्था प्रमुख सदस्य

संयोजकले मनोनयन गरेका ५ जना समाजशेवीहरु सदस्य

नामटार र गोगने रेडकस सभापति सदस्य

स्वास्थ्य संयोजक सदस्य सचिव

निर्णय नं १८ प्रस्ताव नं १९ मा छलफल गर्दा श्री कालिका माध्यामिक विद्यालय कैलाश ९ नामटार र श्री धुवाङ्ग माध्यामिक विद्यालय भार्ता ७ ले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको परियोजना प्रस्ताव तयार गरि कार्यपालिकाको निर्णय सहित सिफारिस माग गरेकोमा उक्त प्रस्तावलाइ स्वीकार गदै कार्यक्रम स्वीकृत गरि दिनु हुन नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधी मन्त्रालय शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरलाइ सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं १९ पस्ताव नं २० माथि छलफल गर्दा यस गाउँकार्यपालिका अघिल्लो वर्ष अवलोकन भ्रमणमा छुट भएका पदाधिकारी र कर्मचारीहरुको अवलोकन भ्रमण यही २०७६ साल चैत्र अन्तीममा गर्ने निर्णय गरियो ।

निर्णय नं २० प्रस्ताव नं २१ मा छलफल गर्दा यस गाउँपालिका हाइ टेक सेट हाउस निर्माणको लागी विनियोजन भएको एकमुष्ट रकम रु १०००००० एक करोडलाइ आर्थिक विकास समिति र प्राविधिक मुल्याकन समितिले व्रेकडाउन गरेका रकमलाइ समर्थन गर्नै निर्णय गरियो ।